# प्रदेश आर्थिक बुलेटिन

बर्ष २, अंक १ | साउन, २०८३




## सम्पादकीय

गण्डकी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८२ साउन महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको थियो। चालु आर्थिक वर्ष २०८३/८४ को साउन महिनासम्मको आय-व्ययको विवरण समावेश गरी यो अङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा प्रदेशको आन्तरिक राजस्व सङ्कलन लक्ष्यमा ०.१६ प्रतिशतले कमी आएको छ भने चालु आ.व. को खर्च शुन्य रहेको छ। अन्य आम्दानीको क्षेत्रमा कुनै पनि रकम प्राप्त भएको छैन।

**<u>प्रकाशन तथा सम्पादन</u>**

**वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा**

**प्रदेश सरकारको आम्दानीः**

१. दुई आर्थिक वर्षलाई तुलना गरी हेर्दा आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा आन्तरिक आम्दानीतर्फ रु. ६७ लाख १३ हजारले कम प्राप्त भएको छ भने संघबाट प्राप्त हुने अनुदान र राजस्वतर्फ कुनै पनि रकम प्राप्त भएको छैन।

**तालिका १: दुई आर्थिक वर्षको साउन महिनामा राजस्व प्राप्तीको अवस्था (रु. करोडमा)**

| विवरण | आ. ब. २०८३/८४ | | आ.ब. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष | आम्दानी | वार्षिक लक्ष | आम्दानी |
| आन्तरिक आम्दानी | ५८४.१९ | १४.६१ | ५७३.४४ | १५.२८ |
| संघबाट प्राप्त अनुदान | १२७२.८५ | ०.०० | १२२३.३६ | ०.०० |
| संघबाट प्राप्त रोयल्टी | ५१.४८ | ०.०० | २२.४० | ०.०० |
| संघबाट प्राप्त राजश्व | १०१६.४७ | ०.०० | ९७९.२९ | ०.०० |
| आन्तरिक ऋण | १७५.०० | ०.०० | १७५.०० | ०.०० |
| गत वर्षको नगत मौज्दात | २००.०० | ०.०० | २२४.५१ | ०.०० |
| जम्मा | ३२९९.९९ | १४.६१ | ३१९८.०० | १५.२८ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

**प्रदेश सरकारको खर्चः**

१. आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा जम्मा चालूतर्फ रु. १ करोड ४२ लाख १२ हजार, पूँजीगततर्फ रु. ४ करोड ३३ लाख ५५ हजार गरी जम्मा रु. ५ करोड ७५ लाख ६७ हजार मात्र वित्तीय प्रगति भएको थियो भने चालु आर्थिक वर्षमा कुनै पनि रकम खर्च हुन सकेको छैन।

| महिना को | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०८१/८२ | | | | २०८२/८३ | | | | २०८३/८४ | | | |
| | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह |
| श्रावण | १३६२८.०८ | ४९७९१.८३ | ०.०० | ०.०० | १४२१२.५१ | ४३३५५.३५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| जम्मा खर्च | १३६२८.०८ | ४९७९१.८३ | ०.०० | ०.०० | १४२१२.५१ | ४३३५५.३५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| विनियोजन | १११५००६०.०० | १९५१७९९३.०० | ३००००००.०० | २०१०५२२.०० | १०६३५६१६.०० | १९०९३३२४.०० | २५०००००.०० | २००१०५९.०० | १०७२६५९१.०० | २००२६१२२.०० | २५०००००.०० | १९९७१८७.०० |
| खर्च प्रतिशत | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

२. विगत तीन आर्थिक वर्षलाई तुलना गर्दा चालुतर्फ आर्थिक वर्ष २०८२/८३ मा र पुँजिगततर्फ आर्थिक वर्ष २०८१/८२ मा धेरै वित्तीय प्रगति भएको देखिन्छ भने चालु आर्थिक वर्षमा कुनै पनि वित्तीय प्रगति भएको छैन।

चार्टः खर्च प्रतिशतको तुलनात्मक विवरण

